क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ७५, २०८२ भदौ १२ गते बिहीबार (28 Aug., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

**हैजाका लक्षण र बच्ने उपाय**

**लक्षणः**

- बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- बारम्बार वान्ता हुने,
- शरीर कमजोर हुने, आँखा भासिने,
- शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- मुख र छाला सुख्खा हुने,
- कमजोरी र थकान महशुस हुने,
- चक्कर लाग्ने वा होश हराउने,
- कम रक्तचाप र छिटो नाडी चल्ने ।

**बच्ने उपायहरूः**

- पानी उमालेर वा फिल्टर गरेर पिउने,
- खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
- खुला रुपमा राखिएको खाना नखाने,
- जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राख्ने,
- खानेकुरा राम्रोसँग पखालेर खाने,
- झोलिलो खाना र प्रशस्त पानी पिउने,
- लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कञ्चनपुरमा सेटिङ्गमा खुलेयाम तस्करी !

## नेपाल प्रहरी, ससस्त्र प्रहरी र भन्सारमा हप्ता दिने तस्करको समान धमाधम अउँदै, घरसायी नुन तेल ल्याउने र दुध बोक्नेमाथि डण्डा

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ११ भदौ**

कञ्चनपुरमा खुलेयाम तस्करी भईरहेको छ। प्रतिबन्धित अण्डा कुखुरादेखि व्यवसायिक समान खुलेयाम तस्करी भईरहेको हो। भारतसंग प्रत्यक्ष सीमा जोडिएको सीमावर्ती जिल्लाका वैद्य तथा अवैध खुला नाकाहरुबाट सेटिङ्गमै दिनरातमा खुलेयाम तस्करी हुँदा समेत नियन्त्रण गर्न कसैलाई मतलब नै छैन ।

जिल्लाको उत्तरी भेग खल्लामछेट्टीदेखि दक्षिणी पुर्वी डोकेबजारसम्मको खुला नाकाहरुबाट अहिले प्रतिबन्धित कुखुरा, चल्ला, अण्डा, माछा सहित पशुजन्य बस्तु, लागु औषध, एव व्यवसायीक समान खुल्लमखुला भारतीय बजारबाट भित्रिन थालेपछि स्थानीय हैरान भएका छन। जिल्लाको खुला नाका मात्रै होईन गड्डाचौकी भन्सारकै नाका भएर पनि सेटिङ्गमा तस्करी हुन थालेपछि चालु आर्थिक बर्षमा पनि भन्सारले लक्ष्य अनुरुप राजस्व संकलन गर्न नसक्ने आँलकन गरिएको छ ।

भन्सार क्षेत्रमा सशस्त्र प्रहरी, नेपाल प्रहरी २४ सै घण्टा तैनाथ छन, यसका साथै खाद्य, पशु, प्लान्ट क्वारेन्टाईन सहितका सरकारी निकाय कार्यरत रहेपनि त्यही नाकाबाट तस्कर समुहले भन्सार, सशस्त्र प्रहरी, प्रहरी वा क्वारेन्टाईन निकायबाटै सेटिङ्गमा तस्करी गराईरहेका छन ।

भन्सारबाट सेटिङ्ग भएर महेन्द्रनगर बजार पुगेको केही समान मात्रै प्रहरी र सशस्त्र प्रहरीले बरामद गरेर पुन भन्सार चलान गर्दै आएको तथ्यले समेत भन्सार क्षेत्रमा व्यापक सेटिङ्ग भएर समान भित्रिने गरेको पाईन्छ ।

जिल्लाभरी चोरी, तस्करीले गत विगतका बर्षहरुमा भन्सार कार्यालयले लक्ष्य अनुरुप राजस्व समेत संकलन गर्न सकेको छैन। भन्सार कार्यालयले ०७५/०७६ देखि ०८१/०८२ सम्म लक्ष्य अनुसार राजस्व संकलन गर्न सकेको छैन । यो सबै तस्करीको चुङ्गोलमा डुब्दा भन्सार विभागले दिएको लक्ष्य समेत संकलन गर्न नसकेको को हो । गत बर्ष मात्रै पनि ७४ करोड ५५ लाख, ९० हजार भन्सार राजस्वमा ५९करोड, ७७ हजार हाराहारी मात्रै राजस्व संकलन गरेको छ, त्यो पनि सशस्त्र प्रहरी र नेपाल प्रहरीले जिल्लाका विभिन्न स्थानबाट भन्सार चोरीछली गरेका समान बरामद गरे बाफतको राजस्व जोडेर लक्ष्य नजिक पुऱ्याएको पाईन्छ ।

डेढ दशकको अवधिको तुलनामा कञ्चनपुर सीमावर्ती नाकाहरुमा सशस्त्र प्रहरीको बलियो उपस्थिति छ। त्यस अघि देखि नेपाल प्रहरी पनि सीमावर्ती क्षेत्रमा छ, तर अब राज्यका सुरक्षा निकायको जति उपस्थिति त्यती तस्करीले नागरिकमा पनि सेटिङ्गमै, हप्ता अशुली, महिनावारीमा तस्करी नरोकिएको दावि गर्दै आएका छन ।

स्थानीयले सीमावर्ती क्षेत्रमा खटिएका सशस्त्र प्रहरीका बिओपी इन्चार्ज, नेपाल प्रहरीका चौकी, ईप्रका इन्चार्जहरुलाईं हप्ता, महिनावारी पैशा, समान दिए तस्करी गर्न दिने गरेको नदिए समान बरामद गर्दै आएको बताउँदै आएका छन ।

बेलौरीका स्थानीय रोशन चौधरीले घरसायी समान ल्याउनेमाथि डण्डा बजाउने गरेको तर, तस्करमाथि सशस्त्र र प्रहरीले दया जगाए जस्तै छुट दिने गरेको बताए । 'कुनैपनि व्यवसायी वा तस्कर समुहले सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई पैशा दिए उनीहरुले उसको समान ल्याउन दिन्छन, 'उनले भने, 'नदिए ल्याउन दिदैनन, समान बरामद गऱ्यौं भन्दै मिडियाबाजी गर्छन, तस्करीले प्रहरी र सशस्त्र प्रहरीलाई दिएको नगद र भौतिक बस्तुको प्रमाण हुँदैन, खाने र दिनेविच बिग्रीएपछि यो खुला खुल्छ, त्यतिबेलासम्म त्यो प्रहरी र सशस्त्रको हाकिम सरुवा भएर अन्यत्र गईसक्छ, कुरा आरोप प्रत्यारोपमा मात्रै सीमित हुन्छ ।'

पुनर्वासका स्थानीय जनक तामाङ्गले पनि सीमावर्ती क्षेत्रका स्थानीयमाथि सशस्त्र प्रहरीले अनावश्यक कडाई गरेको बताए। उनले घरसायी समान ल्याउँदा रोकेर बरामद गर्दै मिडियाबाजी गर्ने र ठुला व्यवसायीले खुलेयाम तस्करी गरेर ल्याउने समान छुट दिने गरेको बताए ।

भीमदत्त नगरका स्थानीय दिपेन्द्र सिह ऐरीले घुस दिने व्यवसायीका समान बरामद नगर्ने, नदिने वा घरसायी प्रयोजनका लागि समान ल्याउनेमाथि कडाई गर्दै आएकाले तस्करी सेटिङ्गमै हुनेगरेको दावि गरेका छन । उनले दुध ओसार्ने किसानबाटै मासिक ५ हजार घुस माग्ने प्रहरीले अन्य व्यवसायीलाई के बाँकी राखेको होला भन्दै प्रशन गरेका छन ।

कृष्णपुर स्थानीय समेत रहेका युवा उद्यमी सुरेन्द्र बहादुर बमले आफुले भारतको गोबिन्द बल्लभ पन्त कृषि एव प्राद्योगिक विश्वविद्यालय पन्तनगर(उद्यमसिह नगर)बाट खरिद गरेर ल्याएका बोट बिरुवा सशस्त्र प्रहरीले तस्करीका भन्दै नियन्त्रणमा लिएर नष्ट गरेको घटनाले घरसायी समान ल्याउने र सशस्त्र प्रहरीलाई पैशा नदिनेका वैध समान बरामद गर्दै आएको र तस्करलाई सरक्षण गर्दै आएको बताए ।

कञ्चनपुरका कुखुरा व्यवसायी समेत रहेका चल्लादाना व्यवसायी संघका अध्यक्ष भरतदत्त भट्टले जिल्लामा सेटिङ्गै तस्करी हुने गरेको दावि गरेका छन। मंगलबार जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा बर्डफ्लु नियन्त्रण बारे छलफलमा भट्टले भारतबाट जिल्लाभरी सेटिङ्गमै तस्करी हुँदा नेपाली कुखुरा व्यवसायी मारमा परेको बताए ।

'भारतबाट जुत्ता र पेटभित्र लुकाएर ल्याएको सानो परिमाणको लागु औषध भेटाउने प्रहरीले भारी परिमाणका कुखुरा, चल्ला, अण्डा देख्दैन, 'उनले भने, 'यो के सेटिङ्ग होईन र, हामीले बैंकको ब्याज निकालेर स्वदेशमै केही गर्न खोज्दा राज्यका सुरक्षा निकाय सशस्त्र प्रहरी र नेपाल प्रहरीको सहयोग हुदैन, उनीहरु तस्करसंग हिमचिम गर्छन ।' प्रतिबन्धित कुखुरा अण्डा चल्ला भित्रिदा एकातिर स्वदेशी व्यवसायी मारमा अर्कातिर दण्डहिता बढिरहेको उनको दुखेसो छ । भीमदत्त नगरका स्थानीय समेत रहेका युवा एग्रो सर्भिस प्रालिका संचालक कुखुरा व्यवसायी उपदेश सिहले सीमा क्षेत्रमा सेटिङ्ग भएर आउने कुखुरा अण्डा चल्लाकै कारण आफुहरु मारमा परेको बताए ।

'कञ्चनपुरका हरेक खुला सीमा नाकाहरुमा सशस्त्र प्रहरी छन, तर पनि दिनदाहदै खुलेयाम तस्करी भईरहेको छ, रोकथाममा चासो छैन, यसो हुँदा सेटिङ्गमै तस्करीको भएको पाईन्छ ।' तस्करीका कारण आफुहरु विस्थापित हुनुपर्ने अवस्था सृजना भईरहेको भन्दै नियन्त्रणमा जोडदिएका छन ।

युवा कुखुरा व्यवसायी प्रकास भट्टले भारतबाट प्रतिबन्धित कुखुरा तस्करीले नेपाली कुखुरा व्यवसायी मारमा पारेको बताए। 'हामीले यता दुखसुख गरेर कुखुरा पाल्छौं, बेच्ने बेलामा भारतबाट स्वास्थ्यका लागि हानिकारक कुखुरा आयातले बजारको दररेट समेत बिगारिदिएको छ ।' भारतबाट आउने कुखुरा सेटिङ्गमै आएको गरेको दावि गर्दै नियन्त्रणमा जोडदिए ।

१० भदौं ०८२ मंगलबार मात्रै नेपाल प्रहरीले बेलौरीको बन्दाताल, पुनर्वासको डोकेबजार क्षेत्रबाट १ लाख ६१ हजार बराबरको प्रतिबन्धित बोईलर कुखुरा चिनी, बिडी चुरोट अवैध समान बरामद गरेको घटनाले समेत तस्करी नरोकिएको तथ्य देखाएको छ। बेलौरी र पुनर्वासका सीमावर्ती क्षेत्रका सशस्त्र प्रहरीको उपस्थिति राम्रो छ। तर सीमाबाटै गाँउबस्तीमा पुगेका अवैध समान नेपाल प्रहरीले बरामद घटनाले सशस्त्र प्रहरीले छाडेका समान भएको दावि गरिएको छ ।

सशस्त्र प्रहरी बल कञ्चनपुरका प्रमुख नम्बर ३५ शैलेश्वरी गणका गणपति एसपी लोकेन्द्र भट्टले सशस्त्र प्रहरीले तस्करी नियन्त्रणमा हलप्रयास जारी राखेको बताए। उनले सीमा क्षेत्रमा खटिएका सशस्त्र प्रहरीलाई तस्करीको समान बरामद गर्न स्पष्ट निर्देशन दिएको बताए । 'बरामद गरेको समान छाड्नका लागि हामीलाई दवाव गर्छन, 'उनले भने, 'नछाडेपछि आरोप लगाउँछन ।' सशस्त्र प्रहरीले सेटिङ्ग गर्ने तस्करसंग हिमचिम नगर्ने गरेको दावि गर्दै उनले विगतमा डोकेबजार र पचुई बिओपी इन्चार्ज समेत तानेको बताए ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी एसपी खडक बहादुर खत्रीले जिल्लामा नेपाल प्रहरीले कुनैपनि व्यवसायी, तस्कर समुहसंग साँठगाँठ नगरेको दावि गर्दै दुध ओसार्ने किसानबाट समेत ब्रम्हदेब प्रहरीले घुस मागेको विषय सोधपुछ पर्ने बताए ।

'भारतीय बजारबाट चोरी तस्करीमा समान नेपाल भित्रिन्छन, 'एसपी खत्रीले भने, 'सीमाबाट हामीलाई पनि जनगुनासो आउँछन, त्यही भएर बिचगाँउबस्ती बजारबाटै भएपनि अवैध समान बरामद गर्नुपर्ने बाध्यता छ ।' आफुले मातहतका प्रहरी कर्मचारी अधिकृत यूनिट इन्चार्जहरुलाई स्पष्ट रुपमा राजस्व चोरीछली बिरुद्ध कार्बाही गर्न निर्देशन दिएको बताउँदै कहिकतै कोही घुस लेनदेनमा संलग्न भएको भेटिए काबाही गर्ने चेतावनी दिए ।

कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीका सुचना अधिकारी चक्रदेव भट्टले भन्सारबाट सेटिङ्ग नभएको दावि गर्दै भन्सार छलेर बजारतिर गएका क्यारिङ्गकर्ताको मात्रै समान बरामद गरेको बताए ।

'विभागबाटै राजस्वको लक्ष्य बृद्धि गरेको हुँदा, यहाँ उठाउन सकिएको छैन, अब हामीले बरामद गरिएका सवारी साधन लिलाम प्रकृयामा पनि गएका छौं।' भन्सार राजस्व बृद्धिका लागि सरोकारवालासंग समन्वय भएको उनको दाविमा भन्सारबाटै आएको समान विचबाटोमा प्रहरीले बरामद गरेर पुन भन्सार पुऱ्याएको तथ्यले सरोकारवालाविच समन्वय अभाव देखिन्छ ।

**आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा**

**डा. भावेश**
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in
Echocardiology Fellowship in
Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
**प्रत्येक दिन**

**डा. कुलदिप**
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
**प्रत्येक दिन**




**आनन्द चिल्ड्रन हॉस्पिटल**
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
**डा. रेनुका यादव**
MBBS, MD (Paediatric)

- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज

आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु **कैशलेस (निःशुल्क) उपचार** व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।

Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
website: www.anandhospital.org, Email: info@anandhospital.org, chhabra1967@gmail.com
24 घण्टे आपातकालीन सुविधा

**डा. अभिनव कुमार कटियार**
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, रवौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
**प्रत्येक मंगलबार**

**डा. योगेश नागेंदर**
MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

**डा. गणेश बी. एल.**
M.Ch (Neurosurgery)DELHI
AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**

**सुविधाहरूः** I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाइपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।

**आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र** Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF **का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।**

**लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।**

**सम्पर्क स्थानः आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**

**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

# कम्पनीमा दर्ता गरी नाफा नलेऔं भन्ने कुरा संविधानसित बाँझिन्छ : डा. चन्द

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ११ भदौ**

सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगका सदस्य डा. हिरा चन्दले निजी विद्यालयलाई गैर नाफा मुलक बनाउने प्रावधान संविधानसित बाझिएको बताएका छन् ।

प्याब्सन, एन प्याब्सन, हिसान लगात निजी विद्यालयका संगठनले बुधबार आयोजना गरेको अर्न्तक्रिया कार्यक्रममा उनले विद्यालय शिक्षा विधेयकका विवादित प्रावधान संशोधन गरी जानु पर्ने उल्लेख गरे ।

'नेपालको संविधानको मौलिक हकको २५ नम्बरमा के लेखिएको छ भने प्रत्येक नेपाली नागरिकलाई पेशा व्यवसाय गर्न पाइनेछ, सम्पत्तिको हक हुनेछ, बेचबिखन गर्न पाइनेछ, व्यवसायिक लाभ पनि लिन पाइनेछ भन्ने कुरा सम्पत्तिको हकमा व्याख्या गरिएको छ' उनले भने, 'अब कम्पनीमा दर्ता गर, व्यवसाय गर, त्यसको लाभ नलिऔं, नाफा नलिऔं, भन्ने कुरा संविधानसंग बाझियो कि जस्तो लाग्छ, अधिवक्ता प्रकाश पाण्डेय सर मेरो मुखमा हेर्दै हुनु हुन्छ, यदि यो कुरा गलत होइन भने यही फेल खान्छ, यो कुरा सही हो जस्तो लाग्छ, मुद्दा हाले पनि सरकार फेल  खान्छ जस्तो लाग्छ ।'

कम्पनी दर्ता गरी व्यवसाय खोलि सकेपछि गैर नाफा मुलक भन्न नमिल्ने भएकाले पुनः विचार गरिनु पर्ने नीति तथा योजना आयोग सदस्य चन्दले बताए । 'व्यवसायिक लाभ लिन सकिन्छ भनिएको नै छ नि । कम्पनीमा दर्ता हुनु भनेको त सेवा दिनका लागि हो लाभ लिन पाउँछ जस्तो लाग्छ । त्यो भएको हुनाले कम्पनीमा जाऔ, निजी विद्यालय खोल, तर नाफा नलिऊ, गैर नाफा मुलक बन भन्ने कुरा मिल्दैन भन्ने जस्तो मलाई लाग्छ, यसमा सरकारले पुनः विचार गर्न पर्छ' उनले भने। विद्यालय शिक्षा विधेयकमा समावेश गैर नाफा प्रावधानको राज्यको निर्देशक सिद्धान्त विपरित भएको चन्दले उल्लेख गरे ।

'संविधानको धारा ५१ मा राज्यका निर्देशक सिद्धान्तमा पनि भनिएको छ, सरकारले सार्वजनिक विद्यालयमा लगानी वृद्धि गर्दै जानेछ, निजी विद्यालयको लगानीलाई नियमन गर्दै सेवामा लगाउनेछ, त्यो वाक्यांशले पनि के भन्छ भने यो चाहि नेपालमा प्राइभेट स्कुलहरुको परिकल्पना गरेको छ, प्राइभेट स्कुलहरुको नि लगानी हुनेछ, त्यो लगानीलाई नेपाल सरकारले नियमन गर्नेछ, र सेवा मुलक बनाउनेछ । प्रष्ट छ, त्यसैले यो संविधानको धारासंग पनि बाझिनेछ ।'

चन्दले नेपालमा दुई थरी शिक्षा भएको भनेर गरिने प्रचारप्रति असन्तुष्टि व्यक्त गर्दै दुई प्रकारको शिक्षा नभएर व्यवस्थापन दुई किसिमले भएको बताए ।

'अर्को कुरा म अनुरोध गर्नु चाहन्छु के नेपालमा दुई प्रकारको शिक्षा भन्ने गरिन्छ । त्यो शिक्षा दुई प्रकारको होइन, शिक्षाको व्यवस्थापन दुई प्रकारले गरिन्छ' उनले भने, नेपाल सरकारको पूर्ण लगानीमा सार्वजनिक विद्यालयको व्यवस्थापन भएको छ भने एउटा निजी कम्पनी, सहकारीको नाममा प्राइभेट सेक्टरमा व्यवस्थापन गरिन्छ ।'

सरकार र निजी क्षेत्र सहकार्य र समन्वय गरेर मात्रै देश विकास र समृद्धिको बाटो हिँडन सक्ने चन्दले बताए । संविधानमा तीन खम्बे अर्थ नीति स्वीकार गरिएकाले सबै मिलेर मात्रै देश समृद्ध हुने प्रष्ट व्यवस्था गरिएको उल्लेख गरे ।

'अब सरकारले के भन्छ भने अघि सरले पनि भन्नु भयो ती खम्बे अर्थ नीतिको कुरा गर्नु भयो, सहकारी निजी क्षेत्र मिलेर देश समृद्ध हुन्छ भन्ने कुरामा पनि हामी ढुक्क छौ, केन्द्रमा लगानी बोर्डले लगानी र विकास सम्मेलन गरेको गरेकै छ' उनले भने, 'मंसिर १ र २ गते सुदूरपश्चिम सरकारले पनि लगानी र विकास सम्मेलन गर्दैछ । हामी आव्हान गर्दैछौ, यो देशको लगानीले मात्रै भएन, बाह्यको लगानी चाहियो, कम्पनी खोलि देऊ, उद्योग धन्दा खोलि देऊ। नेपाललाई संवृद्ध बनाउने भनेर बाहिरको पनि लगानी आकर्षित गर्नका लागि सरकार लागि परेको छ ।'

लगानी र विकास सम्मेलन गरी विदेश लगानी भित्र्याउँदा स्वदेशमा पैत्रिक सम्पत्ति प्रयोग गरी खोलिएको व्यवसाय रोक्न खोज्नु दुर्भाग्य भएको उनले बताए ।

'एकातिर हामी यो गर्दैछौ, अर्कोतिर हामी नेपालमै जन्मेका नेपालीका छोरा छोरीहरु आफ्नो समान्य लगानीमा पैत्रिक सम्पत्ति प्रयोग गरेर व्यवसाय गर्दै छन् भने त्यो व्यवसायलाई रोक्न खोजि राखेका छन्, मलाई लाग्छ यसमा माननीयज्यूहरुको ध्यान यसमा पुगेको जस्तो मलाई लागेको छैन' उनले भने ।

चन्दले शिक्षा विधेयक अनुसार निजी विद्यालयले १० प्रतिशत छात्रबृत्ति दिने हो भने सरकारलाई कर तिर्न नहुने बताए । उनले १० प्रतिशत छात्रबृत्ति दिई सकेपछि करको औचित्य नभएको बताए ।

'अर्को कुरा जो छात्रबृत्तिको कुरा आएको छ, मेरो व्यक्तिगत विचारमा के लाग्छ भने प्राइभेट सेक्टरले इमान्दारीका साथ १० प्रतिशत छात्रबृत्ति दिने हो, सरकारले यदि लागु गराउने हो भने प्राइभेट सेक्टरबाट कर पनि लिनु हुँदैन। एउटा कम्पनीले आफूले उत्पादन गरेको उसको आफ्नो उत्पादनमा १० परसेन्ट निःशुल्क गरे पश्चात् पनि त्यही कर होइन र भने । त्यही सामाजिक उत्तरदायित्व होइन र । एउटा सोडा कम्पनीले उत्पादन गरेको १० परसेन्ट निःशुल्क वितरण गरि दियो भने अब किन कर लिनु पर्यो । मलाई त के लाग्छ भने कर मुक्त

–बाँकी सामाचार ३ मा


# पशु क्वारेन्टाइन कार्यालय
## गड्डाचौकी कञ्चनपुर

## सूचना ! सूचना !! सूचना !!!

हालै छिमेकी देश भारतको उत्तराखण्ड प्रदेशको यु.एस. नगर र बागेश्वर जिल्लामा Avian Influenza H5N1 (Highly Pathogenic Avian infulenza ) ) बर्ड फ्लु देखिएको भनी विभिन्न भारतीय सञ्चार माध्यमबाट प्रकाशित भएको र सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरि सकेको र उक्त स्थान नेपालको कैलाली र कञ्चनपुर जिल्लाको सीमा क्षेत्रबाट नजिकै पर्ने हुादा उक्त रोग पन्छीहरुको अति संक्रामक रोथ तथा मानिसमा समेत सर्ने हुँदा उल्लेखित कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।

**तपशिल**

- स्रोत नखुलेको जिउँदो कुखुरा, चल्ला, मासु, अण्डा अथवा पंक्षीजन्य कुनै पनि वस्तु र ती वस्तुलाई ओसारपसार गरिने विभिन्न माध्यम क्रेट, केज, सवारी साधन आदिलाई पूर्ण निषेध गर्ने गराउने
–त्यस्ता निषेधित पन्छी/पन्छीजन्य उत्पादन तथा अन्य संक्रमित वस्तुलाई नेपालमा बिक्री वितरण नगर्ने/नगराउने
– सम्पूर्ण किसानले आ(आफ्नो फार्ममा आवतवतलाई निषेध गरी जैविक सुरक्षाका विधिलाई कडाईका साथ पालना गर्ने/गराउने
– पंक्षीमा देखिने बर्ड फ्लु रोगका लक्षणहरु जस्तै अत्यधिक मृत्युदर, श्वासप्रश्वासमा समस्या, आाखा नाकबाट पानी जस्तो पदार्थ, सिउर, लोती, खुट्टा निलो रङ्को हुने जस्ता रोग लागेको लक्षण देखा परेमा वा शंका लागेमा नजिकको पशु सेवा शाखा, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र पशुपंछी रोग अन्वेषण प्रयोगशाला वा तल उल्लेखित नम्बरमा सिधै सम्पर्क गर्न हुन अनुरोध छ ।

**पुश क्वारेन्टाइन कार्यालय, गड्डाचौकी**
पशु चिकित्सक डा. सजना बम्रेल सम्पर्क नं. ९८५८७७७१३२
इमेल : animalquarentinekanchanpur @gmail.com
**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली**
पुश चिकित्सक डा. विशाल चन्द्र सम्पर्क नं. ९८६८५६६०५८, ०९१-५२२१८२
इमेल : rvldhn@gmail.com



# आनंद हॉस्पिटल एंड रिसर्च सेंटर

सी.एस.डी. कैंटीन (पुराना सरकारी हॉस्पिटल) के सामने सितारगंज रोड खटीमा-उत्तराखण्ड

## वरिष्ठ महिला रोग विशेषज्ञ
(OBS & GYNAE)

गर्भवती महिलाओं की नियमित जांच एवं परामर्श



- नॉर्मल एवं सीजेरियन डिलेवरी
- हाई रिस्क प्रेगनेंसी
- समय से पूर्व डिलीवरी

बच्चेदानी का ऑपरेशन एवं महिला रोग से संबंधित समस्त उपचार

परामर्श का समय प्रतिदिन सुबह 10:00 से शाम 5:00 बजे तक

संपर्क सूत्र 9410340585, 9675533333 Email : chhabra1967@gmail.com



जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

## नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
-Finance
-Accountancy
-Management
Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**
BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



विस्तृत जानकारीका लागि सम्पर्क
## जनज्योति बहुमुखी क्याम्पस
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०२६, ९८५८७७५०८३



## लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।

**डा. केशव भट्ट**
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. शक्ति नृसिंह यादव**
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

**डा. प्रशान्त भट्ट**
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

**डा. शोमनाथ भण्डारी**
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

**डा. र्निमल अमर सिंह थापा**
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बाबाशिर, पेट रोग विशेषज्ञ

# लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath



# सुदूरपश्चिम विश्वविद्यालय
## केन्द्रीय कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

# कम्पनीमा दर्ता गरी नाफा नलेऔं भन्ने...

गरिनु पर्छ, जो १० प्रतिशत छात्रबृत्ति छ, त्यहीं कार्यान्वयन गराउनु पर्छ' उनले भने ।

विधेयकमा समावेश पूर्ण छात्रबृत्ति प्रावधान खतरनाक भएको चन्दले औंल्याए । यो प्रावधान कुनै पनि हालतमा न्यायोचित नभएको उनको भनाई थियो । 'अब यहाँ कहाँनेर पूर्ण छात्रबृत्तिको कुरा आएको छ, त्यो खतरानाक छ, अब आफूसंग भएको कुरा उत्पादन निःशुल्क गर्न त ठिक हो, ठिक छ, विद्यालयमा लिने सबै शुल्क मिनाहा गर भन्नु त ठिक हो, निःशुल्क जान सकिन्छ, जुत्ता पनि किनि देउ, मोजा पनि किनि देउ, किताब पनि किनि देउ, त्यसका लागि ड्रेस पनि देऔ, खाजा पनि देऔं, टिपिन पनि देऔं, यो के भनेको हो, मलाई लाग्छ यो न्यायोचित होइन' उनले भने ।

शिक्षा विधेयकमा प्रस्तावित पूर्ण छात्रबृत्ति लगाउने हो भने राज्यका नीति निर्माताबाट सुरु हुनु पर्ने र त्यसमा संस्थागत विद्यालयले आफ्नो भागको व्यहोर्न पर्ने चन्दले बताए ।

'यदि कुरा लागू गर्ने हो भने यो देशका विधि नीति बनाउनेहरुबाट सुरु गरिनु पर्छ ।

मलाई लाग्छ त्यसरी भन्ने माननीयहरु आफ्नो तलबको १० प्रतिशत सामाजिक उत्तरदायित्वमा खर्च गर्न तयार छन् त त्यहाँबाट बहस गर्न परो त । माननीयज्यूह, माननीयहरुले एक जनालाई मात्रै पूर्ण छात्रबृत्तिमा पढाई दियो भने झण्डै ६ सय विद्यार्थी त पूर्ण छात्रबृत्तिमा पढी हाल्छन् नि' उनले भने, 'काम आफूबाट सुरु गर्नु पर्छ । ठिक छ । सचिवहरुले कति जनालाई पढाउने हो, मन्त्रीहरुले कति जना पढाउने हो, माननीयज्यूहले कति जना पढाउने हो ,यो गर्दै जाँदा प्राइभेट स्कुलको भागमा कति जना पर्ने हो त्यो भाग पर्दा ठिकै छ त ।' शिक्षा समितिको बैठकमा बसेर कुरा गर्न सजिलो भए पनि व्यवहार कठिन हुने र निजी विद्यालय सञ्चालन चानचुने विषय नभएको उनले बताए । 'समितिको बैठकमा बसेर भन्नु जति सजिलो छ, व्यवहारमा त्यति सजिलो छैन' उनले भने, '

यो देशमा प्राइभेट स्कुल सञ्चालन गर्ने साथीभाईहरुले धेरै ठूलो मिहिनेत गर्नु भएको छ, र ाज्यको एउटा ठूलो समस्या समाधान गरि दिएको छ, यति युवाहरु बेरोजगार हुँदैछ, चार लाख शिक्षित जनशक्तिलाई रोजगार दिन भनेको समान्य कुरा होइन ।' सरकारले समयमा ध्यान दिन सकेन भने चार लाख शिक्षित जनशक्ति बेरोजगार भएर टाउको दुखाई हुने उनले बताए ।

'यसले राज्यलाई सपोर्ट भएको छ, यदि स्कुलहरु बन्द भयो भने यी चार लाख शैक्षिक रोजगार नै बेरोजगार हुन्छ, यो सरकारलाई टाउको दुखाई हुँदैन । नेपाल सरकारको ३४ प्रतिशत शिक्षामा लगानी छ प्राइभेट सेक्टरले पूरा गरि दिएको छ' उनले भने, 'मलाई लाग्दैन यो कम्तीको कन्ट्रिब्युटेशन हो, तसर्थ संविधानमा भनियो, नियमन चाहि गर्नु पर्छ । यसो भनि रहँदा नियम मान्नु हुँदैन, लुट फसल मच्चाउन पर्छ त्यो भनेको होइन ।'

सरकारले निजी विद्यालयलाई नियमन र सरकारीलाई सबलीकरण गरी शिक्षालाई सुधार गर्न पर्ने सुझाव चन्दले दिए । 'सरकारले नियम बनाउने हो, कानुन बनाउने हो, वातावरण बनाउने हो यहाँ गर्न चाहि के हो भने सरकारले सार्वजनिक विद्यालयलाई सबलीकरण गर्ने सरकारी विद्यालयको गुणस्तर वृद्धि गर्ने, सरकारी विद्यालयमा पूर्ण रुपमा लगानी लगाउने, शिक्षक कर्मचारीदेखि सबै कुरा र ाम्रोलगाउने, तर संस्थागत विद्यालयलाई चल्ने वातावरण मात्रै सिर्जजा गर्नु पर्छ ' उनले भने । संस्थागत विद्यालयले सरकारसित विद्यालय सञ्चालन गर्ने वातावरण बाहेक अरु केही नमागेको उल्लेख गरे । 'संस्थागत विद्यालयले केही पनि मागेको छैन, उनीहरुले वातावरण मात्रै मागेका छन्। तिनीहरुलाई चल्ने वातावरण मात्रै दिने हो र सर कारी विद्यालयको सूम्पूर्ण जिम्मेवारी सरकारले निर्वाह गरि दिने हो भने मात्रै शिक्षा राम्रो बन्न सक्छ ।'

शिक्षा विधेयकलाई लिएर कोही पनि सन्तुष्ट नभएको उनले बताए । 'अर्को कुरा विधेयक आउँदैछ, अघि सरहरु बोल्नु भो, भाषणमा चित्त बुझेको छैन, राहत शिक्षकलाई चित्त बुझेको छैन, अभिभावकलाई चित्त बुझेको छैन, प्राइभेटलाई चित्त बुझेको छैन, अनि यो विधेयकमा कसैको चित्त बुझेको छैन, अनि चित्त चाहिँ कसको बुझेको छ । क कसका लागि आउँदैछ । यस्ता कुरामा लाग्छ स्टन्टबाजी गर्नका लागि हो भने यसको अर्थ हुँदैन' उनले भने । नीति तथा योजान आयोग सदस्य चन्दले प्रधानमन्त्री केपी शर्मा ओली र सत्ता साझेदार काँग्रेस सभापति दुबैले संस्थागत विद्याललयको मागमा सकारात्मक हुने विश्वास व्यक्त गरे ।

'प्याब्सनको कार्यक्रममा बोल्नु भाको छ , निजी क्षेत्रको कन्ट्रिब्युटेनसलाई प्रशंसा गर्नु भएको छ, नाफा कमाउनु पाउनु पर्छ भन्नु भाको छ, बोल्नु भाको छ' उनले भने, 'नेपाली काँग्रेसका सभापतिज्यूले पनि राम्रो बोलेको सुन्छु, त्यसका महामन्त्रज्यूहरुले पनि व्यक्तिगत अर्न्तवार्तामा गैर नाफा मुलक हुन सक्दैन भन्नु हुन्छ, अब यो कुरा वहाँहरुले संसदमा गरि दिनु हुन्छ ।'

शिक्षा विधेयक विरुद्ध शिक्षक महासंघ र निजी क्षेत्रसंगै आन्दोलनमा जान सक्ने भएकाले नीति निर्माताले ध्यान दिनु पर्ने उनले बताए । 'दुबै संगै आयो भने त्यसपछि यी मेजर पार्टीका लागि प्रत्युत्पादक हुन सक्छ, त्यही भएर नीति निर्माण गर्ने क्रममा ध्यान दिनु पर्ने हुन्छ' उनले भने ।

## निर्माण व्यवसायी संघ कञ्चनपुर

### २८ औं वार्षिक सारा सभाको कार्यक्रम सम्बन्धि सूचनाको समय संशोधन गरिएको बारे

**निर्माण व्यवसायी संघ कञ्चनपुरको २८ औं वार्षिक साधारण सभाको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने व्यहोरा यस संघका सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गरिन्छ ।**

**कार्यक्रम**

**मिति** :- २०८२ भदौ २० गते शुक्रबार **समय** : चियापान बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म
उद्घाटन समारोह : -९:०० बजे **स्थान** : -ममताज पार्टी प्यालेश, भीनपा ३ कञ्चनपुर

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. योगेश नागेंद्र
M.B.B.S., MD, DM (Cardiology)
वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव
एंजियोग्राफी
पेसमेटर
एंजियोप्लास्टी
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
डा. रेनुका यादव
MBBS, MD (Paediatric)
- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज
आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु कैशलेस (निःशुल्क) उपचार व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
website: www.anandhospital.org, Email: info@anandhospital.org, chhabra1967@gmail.com
24 घण्टे आपातकालीन सुविधा

छानको बालुवा र गिट्टी चाहिएमा ।

यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।
हाम्रा उत्पादनहरू
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१९८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

## सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय क्याम्पस

## शिक्षाशास्त्र केन्द्रीय विभाग

महेन्द्रनगर, कञ्चनपुर

### स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिलः**

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

**नोटः**

- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैंक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

**आवश्यक प्रमाणपत्रहरुः**

- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

**विभागीय प्रमुख**

विशेषज्ञ डाक्टरहरू सौजन्य मेडिकलमा
डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ठ नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार
डा. सुमित पाण्डेय
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार
डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार
डा. निराजन दत्त शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार
डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार
सुविधाहरुः TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।
सम्पर्क स्थानः सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोनः ०९९-५२२६६६, ५२३४३५

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. गणेश बी. एल.
M.Ch. (Neurosurgery) (DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी



रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011


प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## भिमदत्त बहुप्राविधिक शिक्षालय

Email:bdpipatan@gmail.com
पत्र संख्या : २०८२/०८३
फोन नं. ०९९४०००१४
मिति २०८२/०५/०६

**विषय :- डिप्लोमा तहको पूर्णशुल्कीय तर्फ डिप्लोमा इन फार्मेसी कार्यक्रमको भर्ना सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको प्रवेश परीक्षा सम्बन्धि मिति २०८२/०४/०६ गतेको प्रकाशित सूचना अनुसार शैक्षिक सत्र २०८२/०८३ को भर्नाका लागि यस भिमदत्त बहुप्राविधिक शिक्षालयको डिप्लोमा इन फार्मेसी कार्यक्रममा मिति २०८२/०४/२६ गते सम्म अनलाइन आवेदन फाराम भरेका प्रशिक्षार्थीहरुको GPA को आधारमा योग्यताक्रम अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयबाट मिति २०८२/०५/०५ गतेको नतिजा प्रकाशन सम्बन्धि सूचना बमोजिम मुख्य उम्मेदवारको रुपमा छनौट भइ भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरुले मिति २०८२/०५/१६ गते कार्यालय समय भित्र तपसिल अनुसारका सक्कलै कागजात ल्याई भर्ना हुन आउन भनि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

जीवन दत्त पन्त
शिक्षालय प्रमुख

ल्याउनु पर्ने कागजातहरु :-

१. नेपाली नागरिताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. लक्षित वर्गबाट छनौट भएकाको हकमा सो वर्ग खुल्ने कागजात ।
३. सक्कलै शैक्षिक योग्यताका प्रमाण पत्र चारित्रीक प्रमाण पत्र मार्कसिट वा नेटको मार्कसिट भए SEE को प्रवेश पत्र ।
४. पासपोर्ट साईजको फोटो २ वटा ।
५. पाटन धैलेटी कृषि विकास बैंकमा भिमदत्त बहुप्राविधिक शिक्षालयको नाममा रहेको तपशील अनुसारका खाताहरुमा रकम जम्मा गरेको सक्कलै अलग-अलग २ वटा बैंक भौचर ।

| कार्यक्रम | आर्जन कोष खाता नं. ०८२३९०१२९४५८७०२१ | धरौटी खाता नं. ०८२३९०१२९४५८७०४१ | जम्मा शुल्क | कैफियत |
|---|---|---|---|---|
| डिप्लोमा इन फार्मेसी | रु १९,८५० (शैक्षिक शुल्क) | रु ५००० | रु २४,८५० | |

नोट :-
जेहेन्दार छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीको हकमा धरौटी बापतको रकम मात्र जम्मा गरि बैंक भौचर पेश गर्नुपर्ने छ ।


Admission Open for BBS
Apply Now!
Spot Entrance

Form Distribution: From 2082/04/20
Class Started: From 2082/05/11

Features
- Experienced Faculty
- Digital Classroom
- Job Placement Support
- Well-equipped Computer Lab
- Huge Scholarship
- Well Furnished Reading Room
- Pure Drinking Water
- Health Checkup, Change Room
- Sports
- Huge Seminar Hall
- ECA & CCA
- Job Placement Support
- Internship
- Free Wi-Fi Zone
- CCTV Surveillance
- 24/7 Security Guard on Duty

Scholarship
- 100% to Board Topper
- 100% to who secure "A+" grade in NEB
- 100% to youngest student of 3 brothers and sisters of same parents
- 50% to the student who are sisters and brothers of same parents
- 50% to Orphans
- 20% to the Female
- 20% to the students from Baitadi, Dadeldhura, Darchula, Achham, Bajhang, Bajura, Doti
- 20% to Dalit, Janajati, Aadibasi
- 20% to who secure "A" and "B+" grade in NEB

Limited Seat

Kanchan Vidhya Mandir Samudayik College
Bheemdatta-04, Bankhet, Kanchanpur
Cont. 099521129, 522135, 521392, 9848720408, 9848720409, 9848741711


सुदुरपश्चिम विश्वविद्यालय

## मानविकी तथा सामाजिकशास्त्र संकाय

डीनको कार्यालय

# स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा सम्पर्क गर्न सकिनेछ ।*

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन

## सुदूरपश्चिम विश्वविद्यालय
## विज्ञान तथा प्रविधि संकाय
## कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग
## महेन्द्रनगर कञ्चनपुर

# सेमेष्टर प्रणाली अन्तर्गत चार वर्षे स्नातक तह B.Sc. CSIT र BIT कार्यक्रमको २०८२ सालको नयाँ भर्ना सम्बन्धि सूचना ।

*मिति : २०८२/०४/२३ गते*

यस सुदूरपश्चिम विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सेमेष्टर प्रणाली अनुसार पठन-पाठन हुने विभाग तथा सम्बन्धित क्याम्पसमा स्नातक तहमा **B.Sc.CSIT** र **BIT** प्रथम सेमेष्टरमा भर्ना हुन इच्छुक विद्यार्थीहरुका निमित्त शैक्षिक सत्र २०८२/०८३ को लागि निम्नानुसारको भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

**भर्ना/प्रवेश परीक्षा सम्बन्धि कार्यक्रम**

१. **आवेदन फारम वितरण** : २०८२ साल साउन १५ गते देखि भाद्र २५ गते सम्म विभागको कार्यालयमा आवेदन फारम भर्न सकिने छ ।
२. **प्रवेश परीक्षा शुल्क** : रु १,५००।- (परीक्षार्थीले प्रवेश परीक्षा शुल्क सु.प.वि.वि.कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभागको नेपाल बैंक लि. मा रहेको चल्ती खाता नं. १५६००१०६५२६३४८०००००५ मा जम्मा गरी सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ ।)
३. **प्रवेश परीक्षा** : **B.Sc.CSIT** २०८२ साल असोज ०१ गते **समय : दिउँसो १:०० बजे**
**BIT** २०८२ साल असोज ०१ गते **समय : बिहान ११:०० बजे**
४. **परीक्षा हुने स्थान** : कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग
५. **नतिजा प्रकाशन** : २०८२ असोज ०३ गते
६. **भर्ना कार्यक्रम** : २०८२ असोज ५ गते देखी
७. **कक्षा संचालन** : २०८२ कार्तिक २३ गते देखि

नोट :
**B.Sc.CSIT** मा भर्नाका लागि **विज्ञान विषय** लिई कक्षा **+2** उर्त्तिण (प्रत्येक विषयमा C ल्याएको हुनुपर्ने), **Diploma in computer engineering** उर्त्तिण (प्रत्येक विषयमा C ल्याएको हुनुपर्ने ।
**BIT** को हकमा कक्षा १२ मा न्यनतम D ग्रेड (1.8 CGPA) ल्याई जुनसुकै संकायबाट अध्ययन गरेको भएपनि न्युनतम १०० पूर्णाङ्को गणित वा कम्प्युटर विज्ञान विषय अध्ययन गरेको हुनुपर्ने छ ।

**कर्ण देव भट्ट/विभागीय प्रमुख**

# सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

*मिति : २०८२।०४।१८*

सुदुरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | |
| प्रश्नपत्रको संरचना | | १०० पुर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | |

*नोट : BBA र BHM का हकमा रु. १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा.नं. 1560010668894500001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।*

विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादक: **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादक: **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादक: **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादक: स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादक: **नृगबहादुर शाह**
कार्यालय: गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोन: ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेल: westnepaldaily@gmail.com, मुद्रक: जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७